परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष १३ ❑ अंक १८ २०८१ पौष ७ आईतवार Sunday 8, DEC 2024 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

नेपाल खानेपानी संस्थान
शाखा कार्यालय, विराटनगर

सूचना

गर्मी, सुख्खा याम बढे सँगै जमिन मुनीका पानीका सतह घटिरहेकोले गर्दा पानी उत्पादन कम हुन गई वितरण प्रणालीमा समस्या भएको जानकारी गराउदै वितरण गरिएको पानी सहि सदुपयोग गरि दिनु हुन अनुरोध छ, साथै कहि कतै पाईप लिकेज भई पानी खेर गईरहेको देख्नु भएमा कार्यालयलाई जानकारी गराई दिनु होला ।

पानी उमालेर र फिल्टर गरेर मात्र प्रयोग गर्ने बानी बसालौं ।

## लाखौंको सुन, चाँदी चोरी भएको घटनामा प्रहरीले अनुसन्धान नगरेको आरोप


पिडित परिवार


सुन, चाँदी लगायतका समानहरु चोरी भएको घर

विराटनगर । लाखौको सुन, चाँदीको गरगहना र नगद सहित चोरी भएको घटनाको जानकारी ईलाका प्रहरी कार्यालय रंगेलीमा गराउँदा पनि प्रहरीवाट कुनै किसिमको अनुसन्धान नभएको पिडितले आरोप लगाएको छ ।

रंगेली नगरपालिका वडा नं. ५ आमगाछी टोल घर भएको पिडत बैजनाथ पण्डितले विराटनगरमा शुक्रवार पत्रकार सम्मेलन गरी सो आरोप लगाएको थियो ।

पण्डितको घरमा मंसिर ९ गते आईतवार राती घरको पर्खाल नाघि चोरहरुले पण्डित सुतेको कोठामा चुक्कुल लगाई अर्को कोठाको ताल्चा फोडी घर भित्र पसी सुनको गरगहना ८ तोला अन्दाजी मुल्य १२ लाख ८० हजार, चाँदीको गरगहना १६० तोला अन्दाजी मुल्य ३ लाख ५२ हजार, नगद ६२ हजार नगद र लत्ताकपडाहरु चोरी भएको थियो ।

उक्त घटनामा चोरी भएका समान नाकको फुली १ थान, कानको झुम्का ४ जोर, कानको टप ३ जोर, कानको बाली २ जोर, मान टिका १ थान, मंगलसुत्र ३ थान, औंठी ६ थान, सिक्री १ थान, चक्ति २ थान, कानको कुण्डल २ जोर गरी जम्मा ८ तोला बराबरको सुनको गहना र पाउजु ८ जोर, सिक्री ९ थान, बाला ४ जोर, चम्चा ४ थान, लोटा २ थान, बटुका ३ थान, बिच्छी ६ जोर, छाडा २ जोर, कम्मरबंध २ थान, पुरानो चाँदीको सामानहरू ३५ तोला गरी जम्मा १ सय ६० तोला चाँदीका गहनाको र नगद ६२ हजारको विवरण सहित मंसिर १० गते जानकारी गराउँदा पनि हाल सम्म प्रहरीले कुनै किसिमका अनुसन्धान नगरेको पण्डितले आरोप लगाएको छ ।

घटनाको बारेमा ईलाका प्रहरी कार्यालय रंगेलीका

वांकी अन्तिम पेजमा...

## एनपीएलको उपाधी जनकपुरको पोल्टामा

विराटनगर । नेपाल प्रिमियर लिग (एनपीएल) को उपाधि जनकपुर बोल्ट्सले जितेको छ । फाइनल खेलमा सुदूरपश्चिमलाई हराउँदै उपाधि जितेको हो । फाइनलमा खेलमा सुदूरपश्चिम ५ विकेटले पराजित भयो । क्यानका अनुसार विजेता टोली जनकपुर बोल्ट्सले १ करोड १० लाख रुपैयाँ जितेका छन् ।

त्यस्तै, दोस्रो हुने सुदूरपश्चिम रोयल्सले ५१ लाख रुपैयाँ पाउने छ । तेस्रो हुने कर्णाली याक्सले २५ लाख रुपैयाँ तथा चौथो हुने चितवन राइनोजले १५ लाख रुपैयाँ पाउने छ । क्यानले पहिलो पटक आयोजना गरेको फ्रेन्चाइज प्रतियोगिता शनिवार समाप्त भएको छ ।

मंसिर १६ गते शुरु भएको एनपीएल शनिवार सकिएको छ । एनपीएलमा ८ वटा टीमको सहभागिता रहको थियो । जसमा ७ वटा प्रदेशको १/१ वटा टीम र वागमतीको २ वटा टीम गरी ८ वटा टीमको सहभागीता रहको थियो । एनपीएल सकिएसँगै विभिन्न विधामा अवार्डहरू पनि वितरण गरिएको छ ।

त्रिवि क्रिकेट मैदानमा

वांकी अन्तिम पेजमा...

## होम्योप्याथिक चिकित्सालाई सुदृढिकरण गर्न आवश्यक

विराटनगर । होमियो प्येथिक चिकित्सालाई सुदृढि करण र विकास गर्न आवश्यक रहको कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले वताएका छन् ।

विराटनगरमा नेपाल भारत होमियोप्येथिक हेल्थ समिटको उद्घाटन गर्दै मुख्यमन्त्री कार्कीले होमियो प्येथिक चिकित्सामा देखिएका नकरात्मक प्रतिकृयालाई निरुत्साहन गर्दै विश्वास बढाउन आग्रह गरेका थिए । होमियोप्येथिक काउन्सिल र कलेज खोल्नका लागि प्रदेश सरकारले आवश्यक सहकार्य र समन्वय गर्ने तयार रहेको वताए ।

होमियोप्येथिक चिकित्सा लाई व्यवस्थित गरेर सुदृढ गर्नका लागि प्रदेशमा कार्यदाल बनाएर काम गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्दै 'कार्यदल बनाउ, त्यसका सुझावका आधारमा काम गरौं । प्रदेश सरकार सिमित श्रोत र साधनका बाबजुद पनि यसमा काम गर्न तयार छ ।'

कोशी प्रदेश हिमाल, पहाड, तराईको प्रकृतिक मनोरम र जैविक स्थल भएको चर्चा गर्दै उहाँले यसबाट पनि होमियोचिकित्साले फाइदा लिन सक्ने वताए । उहाँले भारतमा भएको होमियो चिकित्साको विकासलाई ध्यान दिएर विज्ञहरुलाई यहाँ ल्याएर विज्ञताका आधारमा होमियो प्येथिक चिकित्सालाई अगाडि बढाउन समिट फलदायी हुने

वांकी अन्तिम पेजमा...

## क्यान्सर रोग ठूलो होईन, जनचेतनामा कमी

विराटनगर । हाम्रो समाजमा क्यान्सर रोगलाई जति ठूलो रोग बनाएको हो त्यती ठूलो क्यान्सर रोग होईन, आम जनमानसमा जनचेतनामा कमी भएर क्यान्सर रोगलाई ठूलो बनाएको मेदान्ता हस्पिटल दिल्लीका क्यान्सर सर्जन डा. संदिप कमाले वताएका हुन ।

मेदान्ता हस्पिटलको सह कार्यमा नेपाल औषधी व्यवसायी संघ मोरङ शाखाले मोरंगको विराटनगरमा शुक्रवार आयोजना गरिएको सीपीआर ट्रेनिङ्ग र क्यान्सर रोग सम्बन्धि जनचेतना मुलक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै सो कुरा डाक्टर कुमारले वताएका हुन ।

खास गरेर महिलाहरुमा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र फोक्सोको क्यान्सर र हड्डीको क्यान्सर हुने गरेको तर जनचेतना नभएको कारण तेस्रो र चौथो स्टेजमा पुगेपछि मात्र हस्पिटल आउने गरको भन्दै समयमा नै हस्पिटल आए क्यान्सर रोगको उपचार सम्भव भएको डाक्टर कुमारले बताए । कोरोना पछि क्यान्सर रोगीको संख्यामा वृद्धि भएको वहाँको भनाई थियो ।

त्यसैगरी डा. अजय कुमार सिन्हाले मुटुको पक्षघाट (हर्ट अटेक) भएको विरामीलाई बचाउन सवभन्दा पहिले अपनाउने विधी मुटुलाई प्रेसर गर्ने रहेको भन्दै प्राक्टिकल गरेर देखाएका थिए । मुटुलाई प्रेसर गर्ने मेशिन समेत देखाएका थिए । उक्त मेशिन प्रयोग गरेमा ९० प्रतिशत विरामीलाई वचाउने सकिने डा. सिन्हाले वताएका थिए ।

क्यान्सर र मुटुका विरामीहरुले समयमै सजगता

वांकी अन्तिम पेजमा...



## सर्वोत्कृष्ट...

रुपैँया बराबरको सामानहरु बरामद गर्न सफल भएको हुँदा प्रहरी नायव उपरीक्षकबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८१ साल मंसिर "महिनाको सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## लाखौं...

इन्सपेक्टर संतोष खड्कालाई के कसो अनुसन्धान भईरहेको छ भनी सोध्दा आफ्नै गाउँघरमा पत्ता लगाउनुहोस केही कसैवाट सुन्नु भयो वा जानकारी भयो भने हामीलाई जानकारी गराउनु मात्र जवाफ दिएको पण्डितको भनाईछ । किन प्रहरीले अनुसन्धान गर्दैन भन्ने प्रश्नमा पण्डितले भने राजनीतिक दवाव र पैसाको चलखेलका कारण प्रहरीले अनुसन्धा अगाडी नवढाएको समेत पण्डितले आरोप लगाए ।

ईलाका प्रहरी कार्यालय रंगेलीले अदालतबाट दिलिप कुमार मण्डलको मोबाइल कल डिटेलको आधारमा चोरीको अनुसन्धान गर्न स्वीकृति लिएको छ । राजनैतिक दबावका कारण अनुसन्धान प्रक्रिया अगाडि नबढाएको पण्डित परिवारले प्रहरी माथि आरोप लगाएका छन ।

## क्यान्सर...

अपनाए वा समयमानै अस्पताल पुगे विरामीलाई बचाउन सक्ने भन्दै डाक्टरको काम नै जीवनलाई सेभ गर्ने हो डाक्टर ढ्यले वताउनु भयो ।

त्यसैले अहिले क्यान्सर भन्ने वित्तिकै आत्तिहाल्नुपर्ने अवस्था छैन् । अहिले कोरोन पछि नेपाल, भारतलगायत अन्य देशहरुमा पनि क्यान्सर रोगले बढी ठाउँपाएको छ । क्यान्सर र मुटुका विरामीबाट पनि बाच्न सकिने सन्देश प्रभावह गर्ने उद्देश्यले एक दिने सचेतना कार्यक्रमको आयोजना गरेको नेपाल औषधि व्यवसायी संघ मोरङ जिल्ला शाखाका अध्यक्ष देशबन्धु ढकालले वताउनु भयो । कार्यक्रम संचालन संघका महासचिव अरुण ब्राह्मणले गरेका थिए ।

## होम्योप्याथिक...

विश्वास व्यक्त गरेका थिए

सम्मेलनमा आएका नेपाल र भारतका होमियोप्येथिक चिकित्सकहरुलाई स्वागत सम्मान गर्दै उहाँले आगामी दिनमा होमियो चिकित्सा प्रणालीबाट स्वास्थ्य क्षेत्रमा उल्लेख्य सुधार गर्न सक्ने धारणा राखेका थिए । नेपाल होमियोप्येथिक चिकित्सक संघको आयोजनामा भएको सो कार्यक्रममा भारत र नेपालका १ सय भन्दा बढी होमियो चिकित्सकहरुको सहभागिता रहेको छ । कार्यक्रममा होमियोप्येथिक चिकित्सक डा. जीवन प्रकाश रायलाई लाइफ टाइम एचिभमेन्ट अवार्ड प्रदान गरिएको छ । उहाँलाई मुख्यमन्त्री कार्कीले सो अवार्ड प्रदान गरेका थिए ।

## एनपीएलको...

आयोजित समापन समारोह मा पूर्वप्रधानमन्त्रीद्वय शेर बहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्डले अवार्ड वितरण गरेका हुन् । जस अनुसार प्लेयर अफ दि टुर्नामेण्ट सुदूरपश्चिम रोएल्सका सेफ अली जैबले हात पारेको छ । उनले ५ लाख रुपैयाँ प्राव्त गरेका छन् ।

त्यस्तै, सर्वोत्कृष्ट खेलाडी सुदूरपश्चिमकै दीपेन्द्रसिंह ऐरी भएको छ । उनले ओमोडा ईभी कार पुरस्कार प्राप्त गरेका छन् । एनपीएलको सर्वोत्कृष्ट बलर ललित राजवंशी घोषित भए । उनले मोटरसाइकल पुरस्कार प्राप्त गरेका छन् ।

त्यस्तै, कर्णाली याक्सका बिपिन प्रसाद शर्माले इमर्जिङ प्लेयरको उपाधि हात पारेका छन् । उनले ५० हजार नगद र एक लाख बराबरको छात्रवृत्ति पाएका छन् ।

इनर्जेटिक प्लेयर अफ द टुर्नामेण्ट जनकपुरका जिमी नीशम घोषित भएको छ । उनले २ लाख रूपैयाँ प्राप्त गरेका छन् ।

अत्यधिक चौका अवार्ड लाहिरु मिलान्थाले पाएका छन् भने फेयर प्ले अवार्ड लुम्बिनी लायन्स टिमले प्राप्त गरेको छ ।




नेपाल प्रिमियर लिग (एनपीएल) को उपाधि जनकपुर बोल्ट्सले जितेको छ । एनपीएल विजेता टोली जनकपुर बोल्ट्सले १ करोड १० लाख रुपैयाँ जितेका छन् ।


## चिसो मौसममा देखिने स्वास्थ्य समस्या

चिसो तथा शितलहरको समयमा,

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस) टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यी रोगले बालबालिका वृद्धवृद्धा तथा दिर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोसिलो र झोलिलो खानेकुरा खाऔं र खुवाउँ ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## नगरवासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

रतुवामाई नगरपालिकाको कार्यालय, मोरंग, कोशी प्रदेश

NO SMOKING

## गाउँवासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

ग्रामथान गाउँपालिका, गाउँकार्यपालकाको कार्यालय मोरंग, कोशी प्रदेश

## नगरवासीहरुमा हार्दिक अनुरोध

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद) जस्ता कार्यहरू ३५ दिनभित्रै दर्ता गरौं ।
- वडामा बुझाउनु पर्ने सबै प्रकारका करहरु समयमा बुझाई सभ्य नागरिकको परिचय दिऔं ।
- वडाभित्र रहेका धार्मिक मठ मन्दिर, गुठी, ऐतिहासिक सार्वजनिक सम्पत्तिको संरक्षण र सम्वर्द्धन गरौं
- घर निर्माण कार्य गर्दा इजाजत लिएर मात्र निर्माण गरौं ।
- अनुमति लिएर मात्र पसल तथा अन्य व्यवसाय सञ्चालन गरौं र समयमा नै नवीकरण गरौं ।
- बजार र सार्वजनिक क्षेत्रमा जथाभावि निर्माण सामग्री नराखौं ।
- अनाधिकृत रुपमा सवारी साधन पार्किङ नगरौं, ट्राफिक नियमको पालना गारौं ।
- सरसफाईमा ध्यान दिऔं, साबुनपानीले हात धोऔं, स्वस्थ खानेकुरा खाऔं, निरोगी बनौं र बनाऔं ।

सुनवर्षी नगरपालिकाको कार्यालय मोरंग कोशी प्रदेश


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# स्थानीय क्रिकेटमा उर्जा

आज नेपालको क्रिकेट इतिहासमा एउटा महत्वपूर्ण अध्याय समाप्त भएको छ। नेपाल प्रिमियर लिग (एनपील) को पहिलो संस्करण सफलतापूर्वक सम्पन्न भएको छ। सफलतासँगै एनपीएलको सुरुवातले स्थानीय क्रिकेटमा नयाँ ऊर्जा भरेको छ। यस लिगले नेपाली क्रिकेटमा नयाँ युगको सुरुवात मात्र गरेको छैन, खेलाडी, प्रशंसक, र समग्र क्रिकेट संरचनालाई नयाँ उचाइमा पुऱ्याएको छ। नेपाली क्रिकेटमा के-के परिवर्तन ल्यायो भन्ने कुरा सधैं सम्झन लायक छ। यो केवल एउटा प्रतियोगिता मात्र थिएन। यो लिगले नेपाली खेलाडीहरूको प्रतिभा उजागर गर्नुका साथै अन्तर्राष्ट्रिय स्तरका खेलाडीहरूसँगको प्रतिस्पर्धा गर्न सक्ने क्षमता देखाएको छ।

एनपीलले नेपाली क्रिकेटलाई व्यावसायिक दिशामा अघि बढाएको छ। यस लिगले युवा खेलाडीहरूको प्रतिभा उजागर गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। अन्तर्राष्ट्रिय खेलाडीहरूसँग खेल्ने मौका पाउनु, उच्चस्तरीय प्रशिक्षकहरूसँगको सहकार्य, र ठूलो दर्शकहरूको साथले युवा खेलाडीहरूको आत्मविश्वासमा वृद्धि गरेको छ। यसैगरी, आर्थिक दृष्टिकोणले पनि एनपीएलले नेपाली क्रिकेटमा ठूलो योगदान पुऱ्याएको छ। खेलाडीहरूले प्राप्त गरेको आर्थिक प्रोत्साहनले क्रिकेटलाई केवल खेलमात्र नभई करियरको रुपमा पनि स्थापित गर्न मद्दत पुऱ्याएको छ।

नेपाल प्रिमियर लिगको पहिलो संस्करणले नेपाली क्रिकेटमा नयाँ उत्साह र उन्नतिका लागि मार्ग प्रशस्त गरेको छ। यो केवल एउटा खेलमात्र थिएन। यो राष्ट्रको गौरव र पहिचानसँग जोडिएको एउटा महत्त्वपूर्ण अभियान पनि थियो। अब सरकार, खेल संघहरू, र निजी क्षेत्रको जिम्मेवारी छ कि यस लिगलाई नियमित र व्यवस्थित बनाउन सहयोग पुऱ्याउनुपर्छ। नेपाली क्रिकेटले निकट भविष्यमा उल्लेखनीय उचाइ प्राप्त गर्न सक्छ। कालापत्थरको ढुंगा राखेर बनाइएको एनपीएल ट्रफीमा तराई मधेसमा पर्ने महत्वपूर्ण नेपाली शहरको नाममा खुलेको जनकपुर बोल्ट्सले स्वामित्व दाबी गर्नु आफैंमा रोचक संयोग बन्न पुगेको छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : तपाईका विरोधीहरु परास्त हुनुकासाथै मान सम्मान समेत मिल्ने योग रहको छ।** यूवायूवतीहरुको लागि नयांजीवन साथी मिल्ने छ।

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : आर्थिक पक्ष राम्रोरहेकाले व्यापार व्यवसायवाट राम्रै नाफा मिल्ने तथा परिवारिक सुख प्राप्तीको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : मनमा अनावश्यक तर्ककतर्कले डेरा जमाउने योग देखिन्छ। गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पुऱ्याएर काम गर्नुहोला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : विद्यार्थीवर्गका लागि पढाईमा गहिरो लगाउ हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी हुने प्रवल सम्भावना छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : शाररीक अवस्थाका साथै आलश्य बढ्ने योग रहेको छ। नाना तरहका अनावश्यक विषयलेमानसिक तनाव उत्पन्न गराउने देखिनछ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : पारिवारिक चिन्तालेसताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवाद पर्नै सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आर्थिक पक्ष सवल रहेको छ। आत्मवल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता बढ्ने छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : मेवा मिष्ठानका परिकार प्राप्त हुने वेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ **हुने प्रवल सम्भावन देखिन्छ।**

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : महिनाको पुर्वाद्धमा मिसत्रहरुसंग धनमाल तथा मनोरञ्जनको अवसर मिल्ने छ। भने उत्तरार्द्धमा मान क्षति र अपमान आउन सक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाइलो मात्रको सुवर्ण अवसर मिल्ने प्रवल सम्भावना रहेको छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : शत्रुहरुको शिर निहुरिनेछ। भने वादविवादमा विजय मिल्ने योग रहेको छ। पेट,आंखा तथा सामान्य शारीरिक अस्वस्थ्यता देखापर्ने छ।

# हामीकहाँ प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली किन आवश्यक छ ?

**हरिबोल गजुरेल**

संविधानसभाबाट बनेको संविधानपछि निर्वाचित सरकार जो दुईतिहाइ नजिक थियो, त्यसले नै दुईपटक संसद् विघटन गर्ने स्थिति पैदा भयो। २०७९ पछिको चुनावपछि पनि सरकार अस्थिर भइरहने स्थिति देखापऱ्यो।

संविधान निर्माणका बेला अन्य दल सहमत नभएका कारण हामीले सम्झौता गर्नुपऱ्यो। सम्झौता गर्दा कम्तीमा दुई वर्षसम्म अविश्वासको प्रस्ताव ल्याउन नपाउने बनाइयो। कुनै पनि तरिकाले सरकार नबन्ने भयो भने राजनीतिक स्थायित्व का लागि स्वतन्त्र सांसदलाई पनि प्रधानमन्त्री बनाउन सकिने व्यवस्था संविधानमा राखियो।

तर पछिल्लो समय जुन स्थिति देखापरेको छ, यो स्थिति नहोस्। जसले जनतामा निराशा पैदा गरेको छ। केन्द्रको सरकार मात्र होइन, प्रदेश सरकार पनि बारम्बार बदलिएको छ। यसले जनतामा निराशा पैदा गरेको छ। त्यसैले हामीले संविधान निर्माणका क्रममा उठाएको अडान ठिक थियो भन्ने हो। त्यतिबेला हामीले प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति, पूर्णसमानुपातिक निर्वाचन प्रणाली, सांसदहरूलाई मन्त्री नबनाउने र उसले खाली विधायिकाको मात्र काम गर्ने भनिएको थियो। सरकारले बाहिरबाट विज्ञहरूलाई मन्त्री बनाउने जुन अहिले हामीले उठाइराखेका छौँ। यसले नै सापेक्षिक रूपमा समस्याको समाधान गर्छ भन्ने हो।

राष्ट्रपतीय प्रणाली निरंकुश हुन्छ भनेर कतिपयले तर्क गर्दै आएका छन्। राष्ट्रपतीय प्रणाली भए पनि संसद हुन्छ। त्यसले नियन्त्रण गर्छ। राष्ट्रपतिलाई स्वेच्छाचारी हुन नदिन हामीले संसद्बाट कानुन बनाउन सक्छौँ। संविधानमा पनि त्यस्तो प्रावधान राख्न सक्छौँ। अन्य देशमा पनि राष्ट्रपतीय प्रणाली छ, सबै ठाउँमा समस्या छैन। कांग्रेस-एमालेले तर्क गर्ने एउटा कुरा हो। नेपालमा निर्वाचन प्रणाली धेरै महँगो भयो। एउटा व्यक्तिले करोडौँ खर्चेर चुनाव जित्ने अवस्था छ। त्यसलाई असुल्न भ्रष्टाचार गर्ने, कमिसनतिर लाग्ने देखियो। त्यस कारण निर्वाचन प्रणाली पूर्ण समानुपातिक गर्नु उपयुक्त देखियो। संसदीय व्यवस्थामा सरकार फेर बदल भइरहने, जनताले पाँच वर्ष काम गर्न नपाउने स्थिति भइरहने भयो। विगतमा पनि भयो, अहिले पनि भयो। त्यो स्थिति अब नहोस् भनेर हामीले राष्ट्रपति प्रणाली उठाएका हौँ। यो प्रणाली निरंकुश हुन्छ भनेर जुन तर्क गरिरहेका छन्, त्यो ठिक छैन। निरंकुशता राष्ट्रपति प्रणालीबाट मात्र आउँदैन। अन्य प्रणालीबाट पनि आउँछन्। विगतमा पटकपटक ओलीले संसद विघटन गरेको होइन ? अदालतले उल्ट्याइदिएरै उनको निरंकुशता अन्त्य भएको हो। त्यसकारण राष्ट्रपतीय प्रणालीमा पनि केही प्रावधान हुन्छन्। नियन्त्रणका लागि अदालत हुन्छ। संसद्को व्यवस्था हुन्छ। राष्ट्रपति स्वेच्छाचारी नहोस् भनेर कुनै एउटा प्रावधान राख्न सकिन्छ। जनताको चाहना पनि त्यता तिर गइसक्यो। संसदीय व्यवस्थाबाट उनीहरू वाक्क भइसकेका छन्। त्यतिबेला माओवादीले प्रत्यक्ष कार्यकारी राष्ट्रपतिको पक्षमा अडान लिएको थियो। एमालेले पनि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको पक्षमा उभिएको हो। कांग्रेसले पनि यी सबै घटनाक्रममा बदलाब आएको देख्यो। अब जनता को निराशालाई अन्त्य गर्न कांग्रेस पनि तयार हुनुपऱ्यो। अन्य दलहरू पनि तयार हुनुपऱ्यो।

अघिल्लो निर्वाचनमा रवि लामिछाने, बालेन शाह लगायत केही नयाँ दल, अनुहार र व्यक्तिको उदय लाई देखाएर प्रत्यक्ष निर्वाचित कार्यकारीमा जाँदा लोकप्रियतावादी हाबी हुन सक्ने तर्क पनि सुनिएका छन्। प्रत्यक्ष निर्वाचित कार्यकारीमा जान हुँदैन भन्नु खुकुरी नै भुत्तो बनाउनुपर्छ भनेजस्तै कुरा आयो। खुकुरी लाग्ने भयो भने काट्न सक्छ। त्यसैले खुकुरी भुत्ते बनाउन पाए ठिक हुन्छ भन्ने कुतर्क भइरहेको छ। त्यस्तो होइन, खुकुरी जति सक्यो धारिलो बनायो भने मात्रै लाग्ने हुन्छ। काम गर्न सजिलो हुन्छ। त्यस कारण राष्ट्रपति प्रणालीमा तर्सनुपर्ने कुरा केही छैन। शासन सत्तालाई नियन्त्रण गर्ने जनता नै हुन्। हामीले श्रीलंका, बंगलादेश को घटना देख्यौँ। दक्षिण कोरिया, सिरियाकै कुरा हामीले देखिराखेका छौँ।

राष्ट्रपतीय प्रणालीमा पनि केही प्रावधान हुन्छन्। नियन्त्रणका लागि अदालत हुन्छ। संसद्को व्यवस्था हुन्छ। राष्ट्रपति स्वेच्छाचारी नहोस् भनेर कुनै एउटा प्रावधान राख्न सकिन्छ। जनताको चाहना पनि त्यतातिर गइसक्यो।

यी सबै घटना क्रमले जनता सचेत हुने कुरा मुख्य कुरा हो। कसलाई जिताउने भन्ने कुरा पनि जनताकै कुरा हो। जसले राम्रो काम गर्छ, उसैलाई जनताले जिताउँछन्। बालेनलाई चुनेर राम्रै भएको छ। के बिग्रिएको छ र ? जनताले राम्रै मानेका छन्। राम्रो आए त भइहाल्यो ! पार्टीबाट मात्रै आउनुपर्छ भन्ने के छ र ? पार्टीले राम्रो गरे पार्टीबाटै आउँछ, नगरे अन्य व्यक्ति आउँछन्। त्यो झनै राम्रो कुरा हो। पार्टीभित्रबाटै सधैँ सांसद र मन्त्री बन्नुपर्छ भन्ने छैन। पार्टी एउटा माध्यम हो। त्यस कारण यसमा धेरै आपत्ति गर्न आवश्यक छैन। शासकीय स्वरूप अलि स्थिरता हुँदा बाहिर चलखेल पनि कम हुन्छ। हाम्रा छिमेकी राष्ट्र, मित्रराष्ट्रहरूले पनि गम्भीरतापूर्वक डिल गर्छन्। राष्ट्रपति प्रणालीले भित्र र बाहिर चलखेल गर्न कम हुन्छ। अनुभवले नै पुष्टि गरिसक्यो। राम्रो मान्छे आउँदा जो आए पनि केही फरक पर्दैन।

जहाँसम्म राष्ट्रपतिलाई 'चेक एन्ड ब्यालेन्स' गर्ने विभिन्न तरिका छन्। त्यसमा छलफल गर्न सकिन्छ। दलहरूबिच सम्झौता गर्न सकिन्छ। मूल पक्षमा सहमति हुनुपऱ्यो। त्यसपछि प्राविधिक कुरालाई मिलाउन सकिन्छ। निर्वाचन प्रणालीका कारणले प्रत्यक्ष कार्यकारी राष्ट्रपति नहुँदा कसैको पनि बहुमत नआउने स्थिति देखियो। दुई दलीय प्रणालीमा जाने ठुला दलले कोसिस गरे तर त्यसको जवाफ स्थानीय तहको उपनिर्वाचनमार्फत जनताले दिइसके। अब जानुपर्ने कार्यकारी राष्ट्रपतितिरै हो।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

लाईफ गार्ड हस्पिटल
०२१४६४१७७
कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# “अपराधीलाई डर र निर्दोषलाई भर” को पहिचान बनाई राख्न निर्देशन




विराटनगर। कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रमुखको रूपमा प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले कार्यालयमा हाजिर हुनु भई कार्यालयको पदभार ग्रहण गर्नु भएको छ।

वहाँले पदभार ग्रहण गर्दै प्रदेश प्रहरी प्रमुखको हैसियतले कुशल अभिभावकको जिम्मेवारी निर्वाह गर्ने बिश्वास दिलाउदै प्रहरी संगठनको छविलाई सदैव उच्च राख्न “अपराधीलाई डर र निर्दोषलाई भर“ को पहिचान बनाई व्यावसायीक एवम् निष्ठावान भई नागरिकको सेवामा अहोरात्र खटिन प्रहरी कर्मचारीहरूलाई समेत निर्देशन दिनुभएको थियो।

तालुक नेपाल सरकार गृह मन्त्रालयको यही मंसिर २७ गतेको निर्णय अनुसार विशेष व्यूरोबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरमा सरुवा भई हाजिर हुनु भएका प्रहरी नायव महानिरीक्षक राजन अधिकारीले पौष ३ गते कार्यभार सम्हाल्नु भएको हो।

वहाँलाई प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक अबि नारायण काफ्ले, प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भिम बहादुर दाहाल, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय इटहरी, नेपाल प्रहरी बिशेष सुरक्षा गण दुहवी, कोशी प्रदेश प्रहरी गण रानी, जिल्ला प्रहरी कार्यलय मोरङ, सुनसरीका प्रहरी प्रमुख सहित सिनियर तथा जुनियर प्रहरी अधिकृत लगायत प्रहरी कर्मचारीहरुले स्वागत गर्नु भएको थियो।

प्रहरी नायव महा निरीक्षक राजन अधिकारी लाई प्रहरीको एक टुकडिले सलामी अर्पण गरेको थियो भने वहाँले अमर प्रहरी स्मारकमा पुष्पगुच्छा अर्पण गर्नुका साथै परिसरमा रहेको पलान्चोक भगवती मन्दिर मा विधिवतरूपमा पूजा अर्चना गर्नु भई कार्यालय परिसरमा बृक्षारोपण समेत गर्नुभएको थियो।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरमा पदभार ग्रहण पश्चात् कार्यालयको सभाहलमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रहरी वरिष्ठ उपरीक्षक भीम बहादुर दाहालले कोशी प्रदेशको बर्तमान शान्तिसुरक्षाको अवस्था, जनशक्ति व्यवस्था पन, अपराधको बिद्यमान अवस्था र चुनौती, प्रदेश प्रहरी कार्यालयद्वारा गरिएका नविनतम तथा रचनात्मक कार्यका बारेमा अवगत गराउनु भएको थियो भने उपस्थित सम्पूर्ण प्रहरी अधिकृत तथा प्रहरी जवानहरूलाई प्रहरी नायव महानिरीक्षक राजन अधिकारी ले आवश्यक निर्देशन समेत दिनु भएको थियो।

निर्देशनको क्रममा वहाँले शरीरलाई जीवन्त राख्नका लागि जसरी मुटु बिश्राम नलिई निरन्तररूपमा चलाय मान रहिरहन्छ त्यसरी समाजको मुटुरूपी प्रहरीले समाजलाई जीवन्त, गतिशील र सुरक्षित राखी राख्न अहोरात्र अथकरूपमा कर्तव्यको बलीबेदीमा आफूलाई समर्पण गर्नु पर्ने हुन्छ। समाजका हरेक पक्षहरू सुरक्षाको जगमा अडेको हुन्छ, सुरक्षानै समाजको मेरूदण्ड हो अनि प्रहरी सुरक्षाको मेरुदण्ड तसर्थ मुटु अनवरत धड्के जसरी आ-आफ्नो पदीय दायित्व अनुसार त्रृटीरहित तवरबाट कार्य सम्पादन गर्न र आईपर्ने चुनौतीहरूलाई जित्न एक निर्भिक, ईमानदार र वफादार राष्ट्र सेवकरूपमा खटिन पर्ने बताउनु भयो।

साथै वहाँले सवारी दुर्घटना, साईबर अपराध, लागुऔषधको प्रयोग तथा ओसारपसार, सहकारी ठगी र अन्य प्रकारका अपराधका घटनाहरुलाई नियन्त्रण र निरुत्साहित गर्न योजना बद्धरुपमा काम गर्नु पर्ने आवश्यकता रहेको बताउनु भएको थियो।

# प्रतिवन्धित लागु औषध सहित १० जना पक्राउ

विराटनगर। सुनसरी र मोरंग जिल्लाको बिभिन्न स्थानहरुबाट प्रतिबन्धित औषधी र गाँजा सहित १० जनालाई प्रहरीले पक्राउ गरेको छ।

मंसिर ३० गते दिउँसो लागुऔषध बेचबिखन भईरहेको भन्ने विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय धरान तथा मातहत कार्यालयहरुबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा ट्रामाटोल ४ सय १७ क्याप्सुल, नियन्त्रीत औषधी स्पासपेन ४ सय २३ ट्याब्लेट, ५ सय २० ग्राम गाँजा सहित ८ जनालाई पक्राउ गरिएको थियो।

पक्राउ पर्नेमा धरान-१५ का २३ बर्षीय सौरब जिमी, धरान-१३ का २३ बर्षीय आविस्कार घताने, २३ बर्षीय अनुराग राई, धरान-१६ का २४ बर्षीय अनिस बस्नेत, २२ बर्षीय सतिस श्रेष्ठ, २४ बर्षीय रोहन गुरुङ र धरान-११ की २० बर्षीया मिना तामाङ रहेको थियो।

त्यसै गरी धरान-१७ स्थितबाट प्रदेश १-०२-००२ ह १६५५ नम्बरको अटो भित्र ७ वटा बोरामा १ सय २३ किलो ३९ ग्राम गाँजा सहित चालक धरान-१७ का ३१ बर्षीय धन बहादुर भण्डारीलाई नियन्त्रणमा लिएको थियो।

मंसिर २९ गते दिउँसो इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलिले बेलबारी नगरपालीका-१ सिसौली चोक स्थितबाट बेलबारी-१० का २२ बर्षीय करण मगरलाई प्रतिबन्धित औषधी ट्रामाडोल-५० क्यापसुल र डाईसी-५० ट्याबलेट सहित नियन्त्रणमा लिएको थियो।

त्यसैगरी मोरङ सुन्दरहरैंचा नगरपालिका-९ सलकपुरका २४ बर्षीय अभिषेक बस्नेतलाई लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले लागुऔषध खैरो हिरोईन १ ग्राम २० मिलिग्राम सहित विराटनगर महानगरपालिका-१५ एक नम्बर ढाँट स्थितबाट नियन्त्रणमा लिएको थियो।

प्रतिबन्धित लागुऔषध सहित पक्राउ परेका १० जनाको सम्बन्धित प्रहरी कार्यालयहरुबाट थप अनुसन्धान भईरहेको छ

# लोक नृत्य प्रतियोगिता

विराटनगर। निजी तथा आवासीय विद्यालय अर्गनाईजेशन नेपाल जिल्ला कार्य समिति मोरङले जिल्ला स्तरीय लोक नृत्य प्रतियोगिता सम्पन्न गरेकोछ।

विराटनगमा प्याब्सन जिल्ला कार्यसमिति मोरङले आयोजना गरेको जिल्ला स्तरीय लोक नृत्य प्रतियोगिता सम्पन्न भएको हो।

कार्यक्रममा मोरङको बेलबारी नगरपालिका, केरावारी, लेटाङ, सुन्दर हरैचा नगरपालिका, कटहरी गाउँपालिका, ग्रामथानगरी १४ वटा स्थानीय तहबाट निजी तथा आवासीय विद्यालयका विद्यार्थीहरुले प्रतियोगितामा सभागी जनाएको प्याब्सनका मोरङ अध्यक्ष प्रेमलाल सिंह जसुवालले जानकारी गराए।

धर्म संस्कृति जगेर्ना गर्ने उदेश्यले जिल्ला स्तरीय लोक नृत्य प्रतियोगिताको आयोजना गरेको उहाँले जानकारी गराए। लोक नृत्य लोप हुँदै गईरहेको अवस्थामा विभिन्न विद्यालयका विद्यार्थीहरुलाई लोक नृत्य संरक्षण गर्ने तर्फ केन्द्रीत गर्नका प्रतियोगिताको आयोजना गरेको उहाँको भनाई थियो।

कार्यक्रममालाई सम्बोधन गर्नुहुँदै प्याब्सन केन्द्रीय कार्यसमितिका प्रमुख सल्लाहा-कार टिकाराम पुरीले विद्यालयले आयोजना गरेको लोक नृत्य प्रतियोगिता सराहनीय रहेको चर्चा गरेका थिए।

# पत्रकारहरुका हित लागि प्रदेश सरकार प्रतिवद्ध

विराटनगर। पकारहरुको हित र विकासका लागि कोशी प्रदेश सरकार प्रद्धिवद्ध रहकको कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले वताउनु भएको छ।

कोशी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा कोशी प्रदेशका नव निर्वाचित पत्रकार महासंघका पदाधिकारी तथा सदस्यहरुलाई बधाई दिँदै उहाँले पत्रकारका हक हितको संरक्षण र पत्रकारिताको विकासका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभयो।

त्यसैगरी सञ्चार विधेयकका सबै काम सकिएको भन्दै उहाँले आगमी अधिवेशनमा सञ्चार विधेयक आगामी हिउँदे अधिवेशनमा पेश हुन पेश गर्ने जानकारी दिनुभयो।

मुख्यमन्त्री कार्कीले कोशी प्रदेशको विकास तथा सम्वृद्धिको लागि कृषिमा आधारित उद्योग र पर्यटन नै मुल आधार रहेको भन्दै अब सम्वृद्धिका लागि सबैले सहयोग गर्नु पर्ने बताउनुभयो।

उहाँले कोशी प्रदेश सरकारले लगानी सम्मेलन गर्न लागेको भन्दै यसको लागि प्रचार प्रसार गर्न समेत आग्रह गर्नुभयो। उहाँले प्रदेश सरकारले चिया सम्मेलन र कोशी भ्रमण वर्ष २०८२ मनाउने तयारी गरिरहेको भन्दै सहयोगका लागि समेत आग्रह गर्नुभयो।

अहिले विरोधका लागि विरोध गर्दै बन्द हड्ताल लगायतका विरोधका कार्य नगरी पर्यटक मैत्री वातावरण बनाउन समेत आग्रह गर्नुभयो। नेपाल पत्रकार महासंघ कोशी प्रदेशका नवनिर्वाचित कार्यसमिति, झापा, मोरङ, सुनसरी, धनकुटा र सोलुखुम्बु जिल्लाका नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई संयुक्त रुपमा बधाई तथा शुभकामना कार्यक्रमको आयोजना गरी मुख्यमन्त्री कार्कीलेबधाई तथा शुभकामना व्यक्त गर्नुभएको हो।

कार्यक्रममा पत्रकार महासघका निर्बतमान अध्यक्ष लिलाबल्लभ घिमिरे, अध्यक्ष भरत खड्का, सुशीला पाठक लगायतले बोल्नुभएको थियो।

सूचना सूचना सूचना

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रूख काट्नु सार्वजनिक अपराध हो । यसरी रूखहरू काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन कार्यालय
विराटनगर, कोशी प्रदेश

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु



- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।

नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# क्लासिक टेक इन्टरनेट कम्पनीको बैंक खाता रोक्का गर्न पत्राचार

**भोजराज घिमिरे**

विराटनगर । जिल्ला प्रशासन कार्यालय मोरङले इन्टरनेट सेवा प्रदायक कम्पनी क्लासिक टेकको बैंक खाता रोक्का राख्न राष्ट्र बैंकलाई पत्राचार गरेको छ ।




जिल्ला प्रशासन कार्यालयले गत मंसिर २६ गते राष्ट्र बैंक विराटनगर मोरङलाई क्लासिक टेकका बैंक खाता रोक्का राख्न पत्राचार गरेको हो।

राष्ट्र बैंक विराटनगर कार्यालयले आफ्नो केन्द्रीय कार्यालयमा क्लासिक टेकका खाता रोक्का राख्ने सम्बन्धी प्रशासनको पत्र पठाएको छ। राष्ट्र बैंक केन्द्रीय कार्यालयका एक अधिकारीले क्लासिक टेक कम्पनीका बैंक खाता रोक्काको प्रक्रिया सुरू भइसकेको बताए।

राष्ट्र बैंक स्रोतका अनुसार क्लासिक टेकका लक्ष्मी सनराइज बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, एनआइसी एसिया बैंक, नबिल बैंक, हिमालयन बैंक, बैंक अफ काठमाडौं र सानिमा बैंकमा गरी आठ वटा खाता रहेको बुझिन आएको छ । ती सबै बैंक खाताको विवरण मोरङ प्रशासनबाट विराटनगरस्थित शाखा कार्यालय हुँदै राष्ट्र बैंक आइपुगेको छ ।

व्यापारिक साझेदार कम्पनी ले दिएको निवेदनमा आधारमा प्रशासनले क्लासिक टेकका खाता रोक्का राख्न पत्रकार गरेको थियो। 'दुबै पक्षलाई छलफलमा बोलाउँदा क्लासिक टेक कम्पनीले पटक(पटक अटेर गरेको स्थितिमा पीडित कम्पनीले बैंक खाता रोक्का राख्न निवेदन दिएपछि विवाद समाधान नभएसम्मका लागि अस्थायी रूपमा बैंक खाता रोक्का राख्न भनी पत्राचार गरिएको हो,' प्रशासन स्रोतले वताए ।

क्लासिक टेक र उसको व्यापारिक साझेदार कम्पनी बयरवन केवल नेट प्रालिबीच रकम भुक्तानीको विषयमा चार/पाँच महिनादेखि विवाद रहँदै आएको छ। बयरवन केवल नेटले क्लासिक टेकले १८ लाख रुपैयाँ भुक्तानी नदिएको भन्दै जिल्ला प्रशासन कार्यालय मोरङमा निवेदन दिएको थियो ।

प्रशासनका अलावा बयर वन केवल नेटले इलाका प्रहरी कार्यालय पथरी र कानेपोखरी गाउँपालिकामा छुट्टाछुट्टै निवेदन दिएको थियो। निवेदन दिएपछि प्रशासनले क्लासिक टेक कम्पनी र त्यसका कर्मचारीलाई छलफल मा बोलाएको थियो। तर, क्लासिक टेक छलफलमा नआई प्रशासनलाई 'अवज्ञा' गरिरहे को छ ।

इलाका प्रहरी कार्यालय पथरीले बोलाउँदा समेत क्लासिक टेक छलफलमा नआएर उल्टै आफ्नो कम्पनी माथि अदालतमा मुद्दा दिन गएको बयरवन केवल नेट प्रालिका सञ्चालक बलबहादुर खापुङले बताए ।

खापुङले दिएको उजुरी अनुसार क्लासिक टेक र बयरवन केवल नेटबीच २०७६ भदौ महिनामा सेवा विस्तार बारे सम्झौता भएको थियो। उक्त सम्झौतामा केवल नेट प्रालिलाई क्लासिक टेकले काम गरेबापतको ९४० प्रतिशत कमसन० दिनुपर्ने उल्लेख छ ।

'उक्त रकम भुक्तानी नगरीकन क्लासिक टेकले बल मिच्याइँ तरिकाले कर्मचारी खटाएर इन्टरनेट सेवा विस्तार गरिरहेको थाहा पाएँ,' खापुङले भने, 'उक्त क्रियाकलापबारे थाहा पाएपछि मैले राम्रोसँग कुराकानी गरी आफ्नो हिसाब(किताब गरिदिन भनेको थिएँ, तर उहाँहरूले आनाकानी गर्नुभएको छ ।'

खापुङका अनुसार क्लासिक टेक कम्पनीले पटक (पटक न्यायोचित तरिकाले हिसाब मिलाउने भनी आश्वासन दियो। तर, आश्वासन दिने तर हिसाब(किताब गर्न पन्छिने गरेपछि प्रहरी(प्रशासनमा पुग्नु परेको हो। आफ्नो कम्पनीको भुक्तानी रकम दिलाइदिन माग गर्दै खापुङले क्लासिक टेकले कानेपोखरी गाउँ पालिकामा गरिरहेको कार्य रोक लगाउन माग गरेका छन् ।

खापुङका अनुसार क्लासिक टेकको विराटनगर स्थित कार्यालयका कर्मचारी हरूसँग भुक्तानी गर्नुपर्ने रकमबारे कुराकानी भइरहेको थियो। तर, त्यहाँका कर्मचारी प्रयास दाहाल र वत्सल रेग्मी केन्द्रीय कार्यालय देखाउँदै पन्छिए ।

प्रशासनले छलफलमा बोलाउँदा नआएको क्लासिक टेक कम्पनीले बयरवन केवल नेटविरूद्ध उच्च अदालत विराटनगरमा निषेधाज्ञायुक्त परमादेश माग्दै निवेदन दिएको थियो ।

क्लासिक टेकले जिल्ला प्रशासन कार्यालय मोरङ, जिल्ला प्रहरी कार्यालय मोरङ र इलाका प्रहरी कार्यालय पथरीसमेतलाई विपक्षी बनाएर अदालतमा निवेदन दिएको थियो ।

उक्त निवेदनको प्रारम्भिक सुनुवाई गर्दै न्यायाधीश विमल सुवेदीको इजलासले बयरवन केवल नेटलाई बाटोको म्यादबाहेक पन्ध्र दिनभित्र लिखित जवाफ पेश गर्न आदेश दिएको छ । यस्तै, अदालतले निवेदनको टुंगो नलागेसम्म बयरवन केवल नेटलाई क्लासिक टेकको काम कारबाहीमा रोक नगराउनू भनी आदेश दिएको छ ।

क्लासिक टेकले सम्झौता विपरीत भुक्तानी नदिएर बलजफ्ती काम सुरू गरेपछि बयरवन नेटले उसको काममा अवरोध पुर्‍याएको थियो। 'हामीसँगको सम्झौता अनुसार भुक्तानी नदिएको सन्दर्भका कारण हामीले क्लासिक टेकको काम कारबाहीमा रोक लगाएका थियौं,' खापुङले भने, 'उहाँहरूले भुक्तानी गरिदिए हामी कुनै अवरोध गर्दैनौं ।'

क्लासिक टेकले भने बयरवन नेटलाई सम्झौता अनुसार दिनुपर्ने रकम दिन तयार रहेको बतायो । तर, उसले सम्झौताविपरीतको रकम माग भएकाले नदिएको दाबी गर्‍यो । 'हामीले सम्झौता अनुसारको रकम दिने भनेका छौं, तर उक्त कम्पनीले हाम्रो काममा बाधा पुर्‍याएकाले अदालतमा निवेदन दिएका हौं,' क्लासिक टेकका सहायक प्रवन्ध निर्देशक राम तिमिल्सिनाले भने, 'अदालतमा विचाराधीन विषय भएकाले नटुंगिएसम्म हामी छलफलमा नगएका हौं ।'

उनले बैंक खाता रोक्का गर्ने प्रक्रिया सुरू भएकोबारे आफूले सुनेको तर विस्तृतमा बुझ्न नपाएको बताए। तिमिल्सिनाले बैंक खाता रोक्कको प्रक्रियाबारे आफ्ना कर्मचारी र वकिलले बुझिरहेको बताए ।

# मेरिल्याण्ड कलेजकी निशा राजवंशी प्रथम



छात्रा निशा राजवंशी

कटहरी । विराटनगर महानगरपालिकाकी निशा राजवंशीले नेपाल टप गरेकी छिन् । २०८० सालमा त्रिभुवन विश्व विद्यालयद्वारा लिइएको बि.बि.एस चौथो वर्षको परीक्षामा मेरील्यान्ड कलेज विराटनगरकी छात्राराजवंशीले नेपाल प्रथम भएकी छिन ।

विराटनगर महानगर पालिका-७ स्थित मेरील्याण्ड कलेजकी मेहनती छात्रा राजवंशीले नेपालमै सर्वाधिक अंक ८६.२ प्रतिशत ल्याई नेपाल प्रथम भएको मेरील्यान्ड कलेजका प्रिन्सिपल लक्ष्मण ढकालले वताए । उक्त कलेजले ८६.२ प्रतिशत अङ्क त्रि.वि को इतिहासमा हालसम्मकै उच्च अङ्करहेको पनि दाबी गरेको छ । त्यस्तै एलिशा पोखेलले ८३.४ प्रतिशत ल्याएकी छन् ।

मेरील्यान्ड कलेजबाट सहभागी भएका ९७ विद्यार्थीहरु मध्ये डिसटिङ्गसन अङ्क ल्याई १२ जना, प्रथम श्रेणीमा ३२ जना दोस्रो श्रेणीमा १७ जना विद्यार्थी उत्तीर्ण भएका छन् । कुल उत्तीर्ण प्रतिशत ८१रहेको कलेजका प्रिन्सिपल ढकालले बताए ।

'यो रिजल्ट अर्को ऐतिहासिक उपलब्धि हो ' ढकालले भने । यसअघि २०७६ सालमा सोही कलेजका किंजल पोखेलले त्रिविबाट टपर बनी तत्कालीन प्रधानमन्त्री डा . बाबुराम भट्टराईबाट गोल्ड मेडल प्राप्त गरेका थिए ।

# लागुऔषध सहित ७ पक्राउ

विराटनगर। सुनसरीको धरान उप-महानगरपालिका-१५ स्थितबाट नियन्त्रित औषधी सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पुस ४ गते विहीवार बिहान स्थानीय ३० बर्षीय डिकन राईको घरमा लागुऔषध कारोबार भईरहेको छ भन्ने विशेष सुचनाको आधारमा अस्थायी प्रहरी पोष्ट बरगाछीबाट खटिएको प्रहरीको टोलीले उनको घर खानतलासी गर्दा कोठामा लुकाई राखेको नियन्त्रित औषधी ट्रामाडोल र स्पासपेन गरी जम्मा ४ हजार ४ सय क्यासुल, नेपाली रुपैंया २१ हजार ५ सय रुपैया सहित डिकन राई र २३ बर्षीया सुमित्रा राई समेतलाई नियन्त्रणमा लिएको थियो ।

पुस २ गते मंगलवार दिउँसो लागुऔषध कारोबार भईरहेको भन्ने बिशेष सुचनाको आधारमा अस्थायी प्रहरी पोष्ट बरगाछी र अस्थायी प्रहरी पोष्ट तीनकुनेबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका-१५ का हर्क बहादुर तामाङको घर कोठा खानतलासी गर्दा कोठामा लागुऔषध ट्रामाटोल र स्पासपेन गरी जम्मा ४ हजार २ सय ५० क्यासुल फेला पारेको थियो ।

उक्त परिमाणको लागु औषध फेला परेसगै संगै घर धनी तामाङ, उनको ३१ बर्षीया छोरी काजल तामाङ (लिम्बु) र धरान-७ का २२ बर्षीय एलेन राईलाई नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय धरानले ट्रामाटोल र स्पासपेन ६ सय क्यासुल सहित धनकुटा साँगुरीगढी गाउँपालिका-७ का २५ बर्षीय राजकुमार राईलाई र इलाका प्रहरी कार्यालय भाण्टाबारीले सप्तरी कन्चनपुरका ३८ बर्षीय राज कुमार साहलाई स्पास्मो २४ क्याप्सुल, नेपाली रुपैँया ९७ हजार ८ सय सहित नियन्त्रणमा लिएको छ ।

लागुऔषध सहित पक्राउ परेका उनिहरुको सम्बन्धमा सम्वन्धित कार्यालयवाट थप अनुसन्धान भईरहेको छ ।



# लोकतन्त्रको सुदृढिकरणका लागि पत्रकारले भूमिका खुल्नु पर्ने : मुख्यमन्त्री कार्की



विराटनगर । पत्रकारहरुले लोकतन्त्रको सुदृढिकरण र विधिको शासनका लागि भूमिका खेल्नु पर्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनुभएको छ ।

विराटनगरमा राष्ट्रिय समाचार समिति (रासस)ले आयोजना गरेको तीन दिने क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रममा सो कुरा बताएका हुन ।

मुख्यमन्त्री कार्कीले सत्य र तथ्यका आधारमा पत्रकारहरुले राष्ट्रको पहरेदारी गर्नु पर्ने बताउनुभयो । उहाँले भन्नुभयो - 'अहिले नो नट अगेनका नाममा अनावश्यक रुपमा भ्रम फैलाउने काम भइरहेको छ, यस्ता प्रवृत्तिलाई निरुत्साहित गर्नु पर्छ ।'

उहाँले नो नट अगेनहरुले गरेका गतिविधिहरुबाट समाज छर्लङ्ग भएको बताउँदै यस्ता गतिविधिको निगरानी गर्दै पत्रकारहरुले जागरुकता पैदा गर्नु पर्नेमा जोड दिनुभयो । केही भएकै छैन भाष्य सृजना गरेर अराजकता फैलाउन`हरुका विरुद्ध लाग्नु पर्ने उहाँले बताउनुभयो । कार्यक्रममा कोशी प्रदेश सरकारका आन्तरिक मामिला कानुनमन्त्री रेवतिरमण भण्डारीले प्रदेश सरकार पत्रकारहरुसँग सहकार्य गरेर काम गर्न तयार रहेको बताउनुभयो ।

राष्ट्रिय समाचार समिति का अध्यक्ष धर्मेन्द्र झा र महाप्रवन्धक सिद्धराज राईले राष्ट्रिय समाचार समितिले गरिरहेको कामका बारेमा जानकारी दिनुभएको थियो । सो अवसरमा राससका अध्यक्ष झाले लेखेको मैथिली भाषाको पुस्तक 'मिथिला मिथक' पनि विमोचन गरिएको थियो ।

मंगलवार शुरु भएको तीन दिने क्षमता विकास तथा अन्तरक्रिया कार्यक्रम विहीवार सम्पन्न भएको थियो ।

# मेरिल्याण्डका विद्यार्थीहरुलाई आइडिया इनोभेसन

विराटनगर । विराटनगरको मेरिल्याण्ड कलेजले व्यवस्थापन संकायका विद्यार्थीलाई बिजनेस आइडिया इनोभेसन कार्यक्रम आयोजना गरेको छ ।

व्यवस्थापन संकायमा अब्बल कलेजको रूपमा स्थापित भएको मेरिल्याण्डमा विद्याथी`हरुलाई व्यापार व्यवसायको बारेमा आइडिया दिने उद्देश्यले बिजनेस आइडिया इनोभेसन कार्यक्रम आइतबार आयोजना गरेको हो ।

बिजनेस आइडिया इना`भेसन कार्यक्रममा मेरिल्याण्ड कलेजमा व्यवस्थापन संकाय लिएर अध्ययन गर्दै आएका तेस्रो र चौथो वर्षमा अध्ययन गर्दै आएका विद्यार्थीहरुले भाग लिएको कलेजका प्रिन्सिपल लक्ष्मण ढकालले जानकारी गराए ।

उक्त कार्यक्रममा कलेज का ८ वटा समूहले भाग लिएका थिए । एउटा समूहमा पाँच जना विद्यार्थीहरु रहेका थिए । उनीहरुले बिजनेश प्लान बनाएर निर्णायकहरु सामू योजना प्रस्तुत गरेका थिए ।

'विद्यार्थीहरुलाई पढाइसँगै विजनेश आइडिया दिनुको साथै पढाइ सकेपछि कसरी व्यापार व्यवसायमा अगाडी बढाउने त्यस विषयमा जानकारी दिने हाम्रो एक मात्रै उद्देश्य रहेको प्रिन्सिपल ढकालले जानकारी दिए ।

किताबी ज्ञानलाई व्यवहारमा उतार्न कलेजले बिजनेश आइडिया इनोभेसन कार्यक्रम मार्फत विद्यार्थीहरुमा उत्प्रेरणा प्रदान गर्न कार्यक्रमको आयोजना गरिएको उहाँले बताउनु भयो ।

बिजनेस आइडिया इनोभेसन कार्यक्रममा प्रस्तुती गर्ने समूहहरु मध्ये प्रथम हुने समूलाई नगद ११ हजार र अन्य समूहलाई ३ हजारका दरले कलेजले प्रदानगरेको प्रिन्सिपल ढकालले जानकारी गराए ।

## हामीकहाँ...

केही प्रभावकारी प्रावधान मिलाउन छलफल गर्न आवश्यक छ । छलफल गर्दै जाँदा विभिन्न देशका प्रावधान अध्ययन गर्न सकिन्छ । हरेक चिजको सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । त्यसमा छलफल गरेर निष्कर्षमा पुग्न सकिन्छ । शत प्रतिशत केही पनि हुँदैन ।

विकल्पमा कार्यकारी प्रधानमन्त्री पनि नहुने कुरा भएन । त्यसका लागि पनि छलफल गर्न सकिन्छ, अधिकार त्यो रूपमा चाहियो । एमालेले प्रधानमन्त्रीय भनेको थियो । हामीले राष्ट्रपति भनेका थियौं । यी विषयमा सहमति नभएसम्म संविधान संशोधन हुन सक्दैन । कि आन्दोलनको भरमा संविधान संशोधन गर्न सकिन्छ ।

सत्ताधारी कांग्रेस-एमालेले दुईतिहाइको दम्भ देखाइरहेका छन् । परिवर्तनको मुख्य वाहक शक्तिलाई बाहिर राखेर संविधान संशोधन हुन सक्दैन । माओवादीलाई बाहिर राखेर संविधान संशोधन हुन सक्दैन, त्यो सम्भव छैन । परिवर्तन कारी शक्तिहरूको सहमतिमा मात्र संविधान संशोधन हुन सक्छ । संख्याको बलले मात्र हुँदैन । बंगलादेशमा दुईतिहाइ को संख्या थियो । सरकार टिक्यो ? प्रधानमन्त्री कसरी देश छाडेर भाग्नुपऱ्यो । संख्या कति छ भन्ने कुराले केही अर्थ राख्दैन । जनताको अभिमत लाई कदर गर्नु बुद्धिमतापूर्ण कदम हो । जनताको आकांक्षा लाई लत्याएर संख्याको बलमा गर्नुको कुनै अर्थ छैन ।

अहिले संविधान संशोधन को मुद्दा कांग्रेस-एमालेले ल्याएका छन् । हामी पनि संविधान संशोधन गर्नै हुँदैन भन्ने पक्षमा छैनौं । संविधानमा के के कमजोरी रहे, त्यसमा संशोधन गर्नुपर्छ । संविधानमा कहाँ कहाँ त्रुटि भए, के के पुगेन भन्ने दलहरूबिच सहमति भएर संशोधन गर्नुपऱ्यो । तसर्थ हामीले जे-जे कुरा उठाएका छौं, ठिक ठाउँमा कुरा उठाएका छौं । हामी संविधान संशोधन गर्न तयार छौं तर अगाडि बढेर हुनुपर्छ, पछाडि फर्केर होइन । जनताको अधिकार कटौती गरेर होइन, अधिकार सम्पन्न बनाएर संविधान संशोधन हुनुपर्छ ।

हामीले कांग्रेस-एमालेलाई दबाबमा मात्र राख्न यो एजेन्डा उठाएको होइन । पहिलेदेखि नै उठाएको एजेन्डा हो । संसद्मा पनि यी विषय उठाइराखेकै हो । यति जटिल अवस्था होला भन्ने हामीलाई लागेको थिएन । तीन-तीन महिना, ६-६ महिनामा सरकार बदल्ने जुन जटिल अवस्था आयो, यसले जनतामा निराशा ल्यायो । हामीले त्यो स्थिति अन्त्य गर्नका लागि अब समय खेर फाल्न हुन्न भनेर उठाएको हो । छलफलबाटै आन्दोलनको एजेन्डा बन्छ । जनमत कसरी आउँछ, त्यसले निर्धारण गर्छ । समस्या हल भएन, झन् जटिल भयो ।

त्यतिखेर हामीले कार्यकारी राष्ट्रपति र पूर्णसमानुपातिक निर्वाचन प्रणालीमा जुन अडान लिएका थियौं, दलहरूबिच सहमति नभएपछि हामीले 'नोट अफ डिसेन्ट' लेखेका हौं । जरुरी पर्दा उठाउने भइहाल्यो । अहिलेका आवश्यकतालाई पूर्ति गर्न त्यतिबेला उठाएका एजेन्डा ठिक रहेछ भन्ने घटना क्रमले पुष्टि गरिसक्यो ।

(नेकपा माओवादी केन्द्रका उपमहासचिव गजुरेलसँग रातोपाटीका सहकर्मी गणेश पाण्डेले गरेको कुराकानीमा आधारित ।) रातोपाटीबाट

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# लागुऔषध ब्राउन सुगर सहित १० जना पक्राउ

बिराटनगर । झापा, सुनसरी र मोरङबाट लागुऔषध ब्राउन सुगर सहित ९ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पुस २ गते मंगलवार झापाको झापा गाउँपालिका-४ स्थितमा भारतबाट नेपालतर्फ आउदै गरेका दमक नगरपालिका-१ का २९ बर्षीय किशोर खवास, २८ बर्षीय सुरज राजबंशी र २८ बर्षीय सुनिल साहलाई १ ग्राम ६७० मिलिग्राम ब्राउन सुगर सहित इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलीले नियन्त्रणमा लिएको थियो ।

त्यस्तै लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-१५ बाट बेलबारी- १० का आशिष भट्टराई र इटहरी उप-महानगरपालिका-१७ का २८ बर्षीय संजिव दंगाललाई १ ग्राम १० मिलिग्राम ब्राउन सुगर सहित पक्राउ गरेको थियो ।

त्यसैगरी पुस १ गते सोमवार झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट लागु औषध नियन्त्रण ब्यूरो काँकरभिट्टाको प्रहरी टोलीले बुद्धशान्ती गाउँपालिका-२ का २१ बर्षीय प्रजित तामाङलाई २ ग्राम ३९० मिलिग्राम लागुऔषध ब्राउन सुगर सहित नियन्त्रणमा लिएको थियो ।

इलाका प्रहरी कार्यालय रंगेली र लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरको प्रहरी टोलीले चेक जाँचको क्रममा रंगेली-५ का २७ बर्षीय धिरज कुमार झालाई १० ग्राम ४०० मिलिग्राम ब्राउन सुगर सहित र रंगेली-५ का २१ वर्षिय संजय कुमार मण्डललाई निषेधित औषधी त्ब्ब्म्झी ५ हजार ३ सय क्याप्सुल, क्एब्क्एब्क्ल २ हजार ट्याबलेट, म्क्ष्थ्क्भ- १३ हजार ६ सय ट्याबलेट सहित नियन्त्रणमा लिएको थियो ।

यसैगरी सुनसरीको बराहक्षेत्र नगरपालिका-१ स्थितमा इलाका प्रहरी कार्यालय चतरा सुनसरीबाट खटिएको प्रहरी टोलीले निषेधित औषधी ट्रमाडोल-१८८ ट्याब्लेट र स्पासपेन-१८८ ट्याब्लेट सहित उदयपुर चौडन्दि नगरपालिका- ४ का ३२ बर्षीय नरजित राईलाई नियन्त्रणमा लिएको थियो ।

अस्थायी प्रहरी चौकी हलगडा र ट्राफिक प्रहरी पोष्ट हलगडा सुनसरीबाट संयुक्त रुपमा खटिएको प्रहरी टोलीले पुष १ गते सोमवार राती ८ बजे चेकजाँचको क्रममा इटहरी उप-हानगरपालिका-४ स्थितमा बीयू १ बीयू ४२८० नम्बरको कारको डिक्की भित्र १८ वटा पोकामा ३६ किलो ८ सय ५० ग्राम गाँजा बरामद भएकोमा उक्त गाँजा र गाडीलाई नियन्त्रणमा लिएको छ । लागुऔषध सहित पक्राउ परेका मानिस र सवारी साधनको वारेमा थप अनुसन्धान भईरहेको छ ।

# सर्वोत्कृष्ट प्रहरी घोषित

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय धरान, सुनसरीमा कार्यरत प्रहरी नायव उपरीक्षक प्रकाश जबेगुलाई २०८१ साल मंसिर महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी नायव उपरीक्षक प्रकाश जबेगुले मंसिर १८ गते सुनसरीको धरान उप-महानगरपालिका-१३ स्थितमा लागुऔषध गाँजा बोकेको बा.१ झ ५१२७ र बा १ झ ४६०५ नम्बरको सरकारी नम्बर प्लेट लगाएको दुईवटा गाडी नियन्त्रण लिने क्रममा गाडीका चालकले तिव्र गतिमा सवारी चलाएको हुँदा ४ राउण्ड गोली फायर गरी उक्त गाडीलाई नियन्त्रणमा लिइ दुवै सवारी साधनबाट ६ सय ९० किलोग्राम गाँजा बरामद गरि चालकलाई पक्राउ गर्न सफल भएकोमा जबेगुलाई उत्कृष्ट प्रहरी घोषणा गरेको हो ।

त्यसैगरी बिभिन्न मुद्दाका ११ जना फरार प्रतिवादी हरुलाई पक्राउ गर्न सफल भएको साथै भन्सार चोरी पैठारी गरी ल्याएको करिव १७ लाख ३२ हजार ४ सय ३०

वांकी अन्तिम पेजमा...